# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, वैशाख २६ गते २०२९ साल**

### श्री ५ को सरकार
### संचार मन्त्रालयको
### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले गण्डकी अञ्चल जिल्ला गोरखामा माइक्रोवेभ सञ्चार व्यवस्थाका लागि रिपीटर टावर राख्न पावर हाउस तथा स्टाफ क्वाटर समेत बनाउनका लागि देहायका जग्गाहरू प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

गोरखा रानीस्वार गाउँ पञ्चायत वार्ड नं. १ को पूर्व बद्रीनारायणको बारी ठाडो गोरेटो बाटो पश्चिम कालीप्रसाद जोशीको बारी र ठाडो पर्खाल उत्तर गोलबहादुरको बारी पर्खाल दक्षिण गोलबहादुरको घरपछाडिको पर्खाल ठूलो ढुंगा भित्री बारी यति ४ किल्लाभित्रको बीज ।.।१।७ को तिरो रू. ।१८।३ को कित्ता – – – – – १



४३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गोरखा फिनाम आदर्श गाउँ पञ्चायत वडा नं. ६ को उपल्लोकोट भन्ने पूर्व खिलबहादुर खंखवासको जग्गा, पश्चिम तेजबहादुर खंखवासको जग्गा, उत्तर कैलाश गिरीले कमाएको गुठी जग्गा, दक्षिण खिलबहादुर खंखवासको जग्गा यति ४ किल्लाभित्रको वीज माना ।.।१ मध्ये ।।।४ को तिरो रू ।४।१ को कित्ता, वीज माना ।।१।५ मध्ये ।।१ को तिरो रू ।११ को कित्ता, र वीज माना ।.।१ मध्ये ।।।२ को तिरो रू ।२।१ को कित्ता – १

आज्ञाले–
चित्रबहादुर के. सी.
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।